# पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन

# कार्यविधि, २०८२

## रुपा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### रुपाकोट, कास्की

### गण्डकी प्रदेश, नेपाल

कार्यपालिकाबाट स्वीकृत मितिः२०८२।०६।०७

"रुपाको पहिचानः सबै क्षेत्रमा समृद्धिको अभियान"

email: ruparumun@gmail.com Website: https://rupamun.gov.np

## पृष्ठभूमि

कृषि तथा पशुपालन पेशा प्रति किसानहरुलाई प्रोत्साहित एवम् उत्प्रेरीत बनाई उद्यमशील बनाउनका लागि लगानीमैत्री वातावरणको सृजना गरी व्यवसायको उत्थान तथा संरक्षण गर्नुपर्ने आवस्यकता रहिआएको छ । लागतमा आधारित व्यवसायीहरुलाई सहयोग प्रदान गर्ने जिम्मेवारी स्थानीय सरकारको समेत रहेकोले रुपा गाउँपालिकाले कृषि तथा पशु क्षेत्रमा विनियोजन गरेको वजेटको सदुपयोग गरि सेवा प्रदायक र सेवाग्राहिका विच विश्वसनीय वातावरण बनाई उपलब्ध श्रोतको अधिकतम सदुपयोग गर्दै कृषि क्षेत्रमा उत्पादन बढाई रुपा गाउँपालिकालाई कृषि तथा पशुपंक्षीजन्य उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले पशुपन्छी बिकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ तयार गरिएको हो।

## परिच्छेद- १ प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि कार्यपालिका बैठकबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "**अनुदान**" भन्नाले यस गाउँपालिकाबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, बजारीकरण, विविधिकरण वा कृषिको आधुनिकीकरण र व्यवसायीकरणका लागि कृषकलाई प्रदान गरिने नगद तथा जिन्सी सामाग्री सहुलियत सम्झनुपर्छ ।

(ख) "**अनुदानग्राही**" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषि उद्यमी, कृषक समूह, कृषि सहकारी, कृषि विकास सँग सम्बन्धित समिति र कृषि व्यवसायी सम्झनुपर्छ ।

(ग) "**कृषि व्यवसाय**" भन्नले कृषि पशुपन्छी, मत्स्य, खाद्यजन्य लगायत उत्पादनलाई व्यवसायीकरण, बजारीकरण, मूल्यअभिवृद्धि एवं औद्योगिकीकरण गर्नेलाई समेत बुझिन्छ।

(घ) "**कार्यक्रम**" भन्नाले रुपा गाउँपालिकाको गाउँसभा वा कार्यपालिकाबाट स्वीकृत एवं सञ्चालन हुने अनुदान प्रवाह सम्बन्धि कार्यक्रम सम्झनुपर्छ ।

(ङ) **कार्यालय**" भन्नाले रुपा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(**च**) **"शाखा"** भन्नाले रुपा गाउँपालिकाको पशु सेवा शाखालाई सम्झनु पर्नेछ ।

(**छ**) "**वडा"** भन्नाले रुपा गाउँपालिकाका सबै वडाहरु सम्झनु पर्ने छ ।

(**ज**) “**प्राविधिक**” भन्नाले कार्यालयमा कार्यरत वा पशु सेवा शाखाबाट खटाईएको सम्बन्धित फिल्डको प्राविधिक सम्झनु पर्दछ ।

(**झ**) "**कृषक**" भन्नाले कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावसायिक कृषि खेती तथा पशुपालन गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी कृषि फर्म र कृषि सहकारी समेतलाई सम्झनु पर्छ ।

(**ञ**) **“अनुगमन /ब्याबस्थापन /छनौट समिति”** भन्नाले रुपा गाउँपालिकाको पशु सेवा सम्बन्धि कार्यक्रम संचालन गर्न गठित 'पशु सेवा कार्यक्रम संचालन अनुगमन /ब्याबस्थापन /छनौट समितिलाई सम्झनु पर्दछ ।

**३. उद्देश्यः** यो कार्यविधि अनुसार संचालन हुने कार्यक्रमहरुको उद्देश्य देहाय बमोजिमको हुनेछ |

- गाउँपालिकामा संचालन हुने कृषि तथा पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन प्रक्रियालाई सरल, सहज, प्रभावकारी, गुणस्तरयुक्त बनाउने |
- अनुदानमा आधारित कार्यक्रममा अनुदान वितरण प्रक्रियालाई सरल र वैज्ञानिकयुक्त बनाई निष्पक्ष र पारदर्शी बनाउने |
- लाभग्राहिहरुको छनौट प्रक्रियालाई स्पष्ट र पारदर्शी बनाउने |
- व्यवसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीद्धारा उच्च एवं दिगो आर्थिक विकास हासिल गरी खाद्य सुरक्षा तथा गरिबि निवारणमा योगदान गर्ने ।
- कृषिमा यान्त्रिकिकरणको प्रयोगबाट उत्पादन एवं उत्पादकत्व बढाउने ।
- व्यवसायिक कृषि प्रणालीबाट प्रतिस्पर्धात्मक क्षमता बढाउने ।
- प्राविधिक श्रोत, वातावरण र जैविक विविधताको संरक्षण सम्बर्द्धन एवंम् सदुपयोग गर्ने ।
- प्रस्तावकहरुको प्रस्ताव बमोजिमका कार्यक्रमहरु संचालन गर्ने ।
- व्यवसायिक कृषि कार्यक्रम मार्फत “रुपाको पहिचान सबै क्षेत्रमा सम्बृद्धिको अभियान ” को लक्ष्य प्राप्ति गर्ने ।

## परिच्छेद- २ अनुदान सम्बन्धी व्यवस्था

**४. अनुदान उपलब्ध गराउन सक्नेः** रुपा गाउँपालिकाको बार्षिक बजेट तथा स्वीकृत कार्यक्रम बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

**५. अनुदानको सूचना र अनुदानग्राहीको छनौटः** (१) अनुदान सम्बन्धि कार्यक्रम संचालन गर्न कार्यालयले वार्षिक स्वीकृत कार्यक्रम अनुसार सार्वजनिक रुपमा अधिकतम कृषकहरु तथा व्यक्तिगत कृषि फर्महरुसम्म सूचनाको पहुँच पुग्ने गरी प्रस्ताव मागको लागि कम्तिमा २१ दिनको सूचना प्रकाशन तथा प्रसारण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रस्ताव छानविन गरी छनौटका लागि कार्यालयले छनौट समितिमा पठाउनु पर्नेछ । अनुगमन /ब्याबस्थापन /छनौट समिति यस कार्यविधिले तोके बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम अनुगमन /ब्याबस्थापन /छनौट समिति गरेको निर्णय अनुसार पशु सेवा शाखाले कार्यक्रमहरु कार्यान्वयन गर्नेछ ।

**६. अनुदान रकमको सीमाः** (१) कार्यालयबाट उपलब्ध गराइने अनुदान रकम कूल लागतको तपसिल बमोजिमको हुनेछ ।

<u>तपसिल</u>

| क.सं. | कार्यक्रम | समूह/सहकारी | व्याबसायिक फार्म | अल्पसंख्यक/अपाङ्ग/ बिपन्न/एकल महिला |
|---|---|---|---|---|
| १ | भकारो सुधार | ८५% | ७५% | ८५% |
| २ | कृषि यान्त्रिकरण/समाग्री | ८५% | ७५% | ८५% |
| ३ | विउ/बेर्ना | १००% | १००% | १००% |
| ४ | भौतिक पुर्वधार | ८५% | ७५% | ८५% |
| ५ | पशु पन्छी खरिद | ५०% | ५०% | ७५% |
| ६ | घासँ नर्सरी स्थापना/बगैचा | ८५% | ७५% | ८५% |
| ७ | उत्पादित बस्तु बजार सम्म ढुवानीमा अनुदान | ७५% | ५०% | ७५% |
| ८ | प्रजननका लागि भाले पशु खरिद | ७५% | ५०% | ७५% |
| ९ | माछा भुरा खरिद | १००% | १००% | १००% |
| १० | कृषि एम्बुलेन्स सवारी खरिद | ८५% | ५०% | ८५% |
| ११ | हरियो घासँ बिस्तार | प्रति रोपनी रु १५०० का दरले | | |
| १२ | पाडि/बाच्छी हुर्काउन प्रोत्साहन | प्रति पाडि/बाच्छी रु १०००० का दरले २ बर्ष हुर्कायपछी | | |
| १३ | हलगोरु पाल्ने किसानलाई अनुदान | प्रति हल गोरु रु १०००० का दरले | | |
| १४ | माछा पोखरी निर्माण | प्रति रोपनी रु २५००० का दरले | | |

| | | | |
|---|---|---|---|
| १५ | उत्पादनमा आधारित अनुदान | **मासु** : कुखुरा | रु ५ प्रति के.जि. |
| | | : खसि/बोका | रु ५० प्रति के.जि. |
| | | : सुगुर/वंगुर | रु २० प्रति के.जि. |
| | | : रागो | रु १० प्रति के.जि. |
| | | माछा | रु १० प्रति के.जि. |
| | | दुध | रु १० प्रति लि. |
| | | घ्यु | रु ५० प्रति के.जि. |
| | | अण्डा | रु ०.५ प्रति गोटा |

**निःशुल्क कृत्रिम गर्भाधान**

क) निःशुल्क कृत्रिम गर्भाधान गाउँपालिका भित्रका गाई र भैंसीमा हुनेछ ।

ख) निःशुल्क कृत्रिम गर्भाधान सेवा एक आर्थिक बर्षमा एउटा पशु को लागी १ पटकका लागि मात्र उपलव्ध हुनेछ।

ग) प्राबिधिकले पशुपालक कृषकहरुको घरगोठमा गई गाई, भैसीमा निशुल्क कृत्रिम गर्भाधान गरेबापत पारिश्रमिक स्वरुप रु ५०० प्राबिधिकलाई गाउँपालिकाले उपलव्ध गराउनेछ ।

घ) कृषकले कृत्रिम गर्भाधान गर्दा प्राविधिकले दिएको कृत्रिम गर्भाधान कार्ड र वडा अध्यक्ष वा वडा सदस्यले प्रमाणित गरिदिएको भरपाईको आधारमा कृषकहरुलाई प्राविधिक मार्फत रकम उपलब्ध गराइनेछ ।

ङ) यदि एउटै पशुलाई एक आर्थिक बर्षमा २ पटक कृत्रिम गर्भाधान गरेको नक्कली कागजात पेश गरेको थाहा भएमा कृषकलाई गाउँपालिकाबाट प्राप्त हुने सुविधामा वञ्चित गर्न सकिनेछ साथै कृषकले कृत्रिम गर्भाधान गराएको झुट प्रमाण पेश गरेमा भुक्तानी रोक्का राखी गाउँपालिकाको निर्णयानुसार आवश्यक कारबाही गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्राकृतिक विपद् वा प्रचलित कानूनमा तोकिएको लक्षित समूह विपन्न, एकल महिला, अपाङ्गता भएकाहरुका लागि सरकारी संस्था आफैले वा गैह्र सरकारी संघसंस्थाको साझेदारीमा सञ्चालन हुने कार्यक्रमको हकमा यस यो कार्यविधि लागु हुनेछैन। साथै माथि उल्लेखित वर्गका लागि यस गाउँपालिकाबाट उपलब्ध गराईने अनुदानको सिमामा थपघट हुन सक्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि लागु हुनु अघि अनुदानग्राहीसँग सम्झौता भई कार्यान्वयनमा रहेका परियोजनाको हकमा त्यस्तो सम्झौता बमोजिम नै अनुदान उपलब्ध गराइनेछ।

**७. अनुदान रकमको निर्धारणः** कार्यालयले छनौट समितिको सिफारिसमा अनुदानग्राहीलाई उपलब्ध गराउने अनुदान रकम स्वीकृत कार्यक्रम अनुसार निर्धारण गर्नेछ ।

**८. अनुदानग्राहीसँग सम्झौता गर्नु पर्नेः** (१) कार्यालयले अनुदानग्राहीको छनौट र अनुदान रकमको निर्धारण भए पश्चात अनुदानग्राहीसँग सम्झौता गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्झौतामा अनुदानग्राहीले कार्य शुरु गर्नु पर्ने समय, कार्य सम्पन्न गर्नु पर्ने समय, आवधिक रुपमा कार्य सम्पन्न गर्नु पर्ने विषय र सो बमोजिम अनुदान उपलब्ध गराइने समय तालिका अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

**९. अनुदान भुक्तानी प्रक्रियाः** (१) कार्यालयले अनुदानग्राहीलाई देहाय बमोजिम अनुदान भुक्तानी गर्नेछः

(क) अनुदानग्राहीको कार्यसम्पन्न प्रतिवेदनको आधारमा लगानी अनुपात बमोजिमको अनुदान, (ख) खण्ड (क) बमोजिम भुक्तानी गर्दा एकमुष्ठ भुक्तानी गर्ने र शुन्य पेश्कीमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्ने,

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यो कार्यविधि लागु हुनु अघि सम्झौता भइसकेको परियोजनाको हकमा सोही बमोजिम हुनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि शत प्रतिशत कार्य सम्पन्न गरेपश्चात अनुदानको एकमुष्ट रकम भुक्तानी गर्न बाधा पर्ने छैन।

(४) कार्यालयले सम्बन्धित अनुदानग्राहीको बैंक खातामा रकम जम्मा गरिदिनेछ ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भएतापनि अनुदानग्राहीबाट कार्य सम्पन्न प्रतिवेदन प्राप्त नभई अनुदानको रकम भुक्तानी गरिने छैन ।

(६) बहुवर्षिय कार्य-योजना/परियोजना एवं कार्यक्रमको हकमा कार्य सम्पन्नको प्रतिवेदन हेरी सालवासाली बजेट तर्जुमा हुने व्यवस्था हुनेछ ।

(७) प्रतिफलको आधारमा दिइने अनुदान रकम समूह संस्था सहकारीलाई अधिकतम पचास प्रतिशत अनुदान दिइनेछ ।

**१०. बीमा गर्नु पर्नेः** यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीले अनुदान प्राप्त गरेको पशुपन्छीधनको बीमा गर्नु पर्नेछ ।

## परिच्छेद ३ विविध

**११. विवरण प्रकाशन गर्नु पर्नेः** कार्यालयले अनुदानग्राही छनौटको विवरण आफ्नो वेबसाइट तथा सूचना पाटीमा सार्वजनिक गर्नु पर्नेछ ।

**१२. असुल उपर गर्नु पर्नेः** (१) कार्यालयले यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकमको हिनामिना भएमा सम्बन्धित पक्षबाट सरकारी बाँकी सरह प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ ।

(२) उसुल उपर हुन नसकेमा कार्यालयले सरकारी श्रोतको दुरुपयोगका सम्बन्धमा आवश्यक छानवीनका लागि सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ ।

**१३. संघीय सरकार वा प्रदेश सरकारबाट हस्तान्तरण हुने कार्यक्रमः** संघीय सरकारको सशर्त अनुदानबाट प्राप्त कार्यक्रमहरु तथा प्रदेश सरकारबाट प्राप्त कार्यक्रमहरु संघीय सरकारबाट स्वीकृत कार्यविधि तथा प्रदेश सरकारबाट स्वीकृत कार्यविधि अनुसार नै सञ्चालन हुनेछन् ।

**१४. अनुदान ग्राहीको छनौट तथा भुक्तानी सिफारिसः** कार्यक्रम संचालनका लागि देहाय बमोजिमको अनुगमन /छनौट/ब्याबस्थापन समिति को निर्णय अनुसार हुनेछ ।

**<u>छनौट/ब्याबस्थापन समिति</u>**

| क्र.सं. | पदाधिकारीहरु | पद | सङ्ख्या |
|---|---|---|---|
| १ | अध्यक्ष, रुपा गाउँपालिका | संयोजक | १ जना |
| २ | उपाध्यक्ष, रुपा गाउँपालिका | सदस्य | १ जना |
| ३ | प्रमुख प्रशासकीय अधिकृत, रुपा गाउँपालिका | सदस्य | १ जना |
| ४ | आर्थिक प्रशासन शाखा प्रमुख, रुपा गाउँपालिका | सदस्य | १ जना |
| ५ | प्रशासन शाखा प्रमुख, रुपा गाउँपालिका | सदस्य | १ जना |
| ६ | कृषि बिकास शाखा प्रमुख/प्रतिनिधी, रुपा गाउँपालिका | सदस्य | १ जना |
| ७ | पशु सेवा शाखा प्रतिनिधी, रुपा गाउँपालिका | सदस्य | १ जना |
| ८ | शाखा प्रमुख पशु सेवा शाखा, रुपा गाउँपालिका | सदस्य, सचिव | १ जना |
| ९ | आमन्त्रित सदस्य | | १ जना |
| | | **जम्मा** | ९ जना |

पशु सेवा शाखाको शाखा प्रमुख कार्यदलको सदस्य सचिव रहने छ ।

**अनुगमन समिति**

| क्र.सं. | पदाधिकारीहरु | पद | सङ्ख्या |
|---|---|---|---|
| १ | उपाध्यक्ष, रुपा गाँउपालिका | संयोजक | १ जना |
| २ | प्रमूख प्रशासकिय अधिकृत, रुपा गाउँपालिका | सदस्य | १ जना |
| ३ | लेखा शाखा प्रमुख/प्रतिनिधी, रुपा गाउँपालिका | सदस्य | १ जना |
| ४ | पुर्वधार बिकास शाखा प्रमुख/प्रतिनिधी, रुपा गाउँपालिका | सदस्य | १ जना |
| ५ | पशु सेवा शाखा प्रतिनिधी, रुपा गाउँपालिका | सदस्य | १ जना |
| ६ | कृषि बिकास शाखा प्रमुख/प्रतिनिधी, रुपा गाउँपालिका | सदस्य | १ जना |
| ७ | पशु सेवा शाखा प्रमुख, रुपा गाउँपालिका | सदस्य सचिब | १ जना |
| | | **जम्मा** | ७ जना |

अनुगमन समितिको प्रतिवेदनको आधारमा अनुदान रकम निकास हुनेछ ।

**१५. दोहोरो सुविधा लिन नपाउनेः** अनुदानग्राहीले एकै प्रकृतिको कामको लागि एक पटक अनुदान प्राप्त गर्ने एकाघरका कृषक परिवारले दोहोरो अनुदान प्राप्त गर्न सक्ने छैन ।

**१६. अनुदानग्राही जिम्मेबार हुनेः** कुनै विषेश कारणवश वा काबू बाहिरको परिस्थिति परि सम्झौता अनुरुप तोकिएको समयसिमा भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम पुरा भुक्तानी नभएमा अनुदानग्राही स्वयं जिम्मेवार हुनेछ ।

**१७. अनुदान प्राप्त गर्ने परियोजना / कार्यक्रम रद्द गर्न सक्ने वा सम्झौता रद्द गर्नेः** कुनै काररणवस प्रचलित ऐन कानुन विरुद्ध भएमा वा सम्झौता बमोजिम कार्यान्वयन नभएमा वा कारणवस छनौट समिति वा अनुगमन मूल्याङकन समितिले कार्यक्रम अगाडी बढाउन उपयुक्त नदेखेमा पूर्व जानकारी दिई सम्झौता रद्द गर्ने वा अनुदानको रकम पुरा भुक्तानी नदिन सक्ने सम्मको कारवाही हुनेछ ।

**१८. प्रचलित कानून बमोजिम हुनेः** प्रचलित कानूनको सर्वमान्य सिद्धान्तको प्रतिकुल नहुने गरी यस कार्यविधिमा उल्लेख भएका कुराको हकमा यसै कार्यविधि बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**१९. कार्यविधिको व्याख्याः** यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा कार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

**२०. बचाऊः** यस भन्दा अगाडि भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**अनुसूची -१**

# रूपा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# रूपाकोट, कास्की

**प्रस्ताव आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति ......................................................**

रुपा गाउँपालिकाको आ.व २०......./......... को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत देहायका पशु सेवा तर्फ को कार्यक्रम संचालन गर्न इच्छुक आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१ दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | कार्यक्रमको नाम | संख्या | अनुदान रकम | न्युनतम मापदण्ड | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

## अनुसूची -२
## निवेदनको ढाँचा (नमुना)

मिति ............................

श्रीमान्  प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रुपा गाउँपालिकाको कार्यालय,रुपाकोट, कास्की
रुपाकोट, कास्की ।

**विषय : कार्यक्रममा समावेश गरिदिनुहुन ।**

महोदय,

प्रस्तुत विषयका सम्बन्धमा तहाँ कार्यालयबाट मिति ............................ मा प्रकाशित सूचना अनुसार संचालन हुन लागेको ......................................................................................... कार्यक्रमका लागि आवश्यक कागजात सहित यो निवेदन पेश गर्दछौ /छु । म / हामीले यस कार्यक्रम अन्तर्गत अपनाउनु पर्ने मापदण्ड पूर्ण रूपमा बुझेको छु /छौं।तसर्थ उक्त कार्यक्रममा म/हामीलाई समावेश गरिदिनुहुन विनम्र अनुरोध गर्दछु /गर्दछौं ।

<u>निवेदक</u>

नामः.......................................................................

संस्थाको नाम :...................................................

ठेगाना : ..............................................................

पद : ....................................................................

संस्थाको छाप

सम्पर्क नं. ............................................................

हस्ताक्षर :

## अनुसूची-३
### संक्षिप्त कार्य-योजना

**१. आवेदकको विवरण :**

| | |
|---|---|
| फर्मको नाम | |
| ठेगाना | |
| सम्पर्क व्यक्ती | |
| सम्पर्क नं | |

**२. हाल सञ्चालित कृयाकलापहरु :**

| क्र.सं. | |
|---|---|
| १ | |
| २ | |
| ३ | |
| ४ | |
| ५ | |

**३. मुख्य उत्पादन र कारोबार :**

| क्र.सं. | उत्पादित बस्तुहरु | बार्षिक परिमाण | कारोबार रकम |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |

**४. सञ्चालन गरिने कृयाकलाप :**

| क्र.सं. | कामको विवरण | अनुमानित लागत | आफुले तर्फ बाट ब्यहोर्ने | माग गरेको अनुदान |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| | **जम्मा** | | | |

**५. काम सम्पन्न पश्चात अपेक्षित उपलब्धिहरु :**

**६. फर्मको छाप/ हस्ताक्षर :**

## अनुसूची -४

## समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा

रुपा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको मिति ............................ मा प्रकाशित सूचना अनुसार रुपा गाउँपालिका वडा नं. .... स्थित ........................................................................................ का संन्चालक श्री ......................... ले लगात साझेदारीमा ........................................................ ................................ कार्यक्रम संचालनका लागि पेश गरेको व्यवसाय योजना संग मेल खाने कार्यका लागि विगत २ वर्ष भित्र संघिय सरकार वा प्रदेश मन्त्रालय/निर्देशनालय/विज्ञ केन्द्र/गाउँपालिकाबाट अनुदान नलिएको स्वघोषणा गर्दछु । अन्यथा फेला परेर कसुरदार ठहरेमा सम्झौता रद्द लगायत नियमानुसारका अन्य सजाय भोग्न समेत तयार छु ।

| बायाँ | दायाँ |
|---|---|
| | |

निवेदकको

दस्तखत :

नाम :

मिति :

संस्थाको छाप :

## अनुसूची- ५

**प्रस्ताव पेश गर्दा आवश्यक पर्ने कागजातहरु**

क) अनुसुचि २ अनुसारको निवेदन ।

ख) अनुसुचि ३ अनुसारको सम्क्षिप्त कार्ययोजना ।

ग) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

घ) फर्म दर्ता प्रमाण पत्र नविकरण गरिएको प्रतिलिपि ।

ङ) जग्गाधनीको लालपूर्जा वा जग्गाको करारनामाको प्रतिलिपि ।

च) PAN/VAT मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि ।

छ) गत आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

ज) कृषक समूह/ सहकारीको हकमा निर्णय प्रतिलिपि ।

झ) अपांग/बिपन्न /एकल महिला/सिमान्तकृत को हकमा सम्बन्धित बर्ग खुल्ने कागजात ।

ञ) विदेशबाट फर्किएका युबा को हकमा विदेश बाट फर्केको भिषा लागेको पासपोटको प्रतिलिपि।

ट) वडा कार्यालयको सिफारिस पत्र ।

ठ) अनुसुचि ४ अनुसारको समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा ।

**अनुसूची ६**

अनुगमनको ढाँचा

# रूपा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## रूपाकोट, कास्की

**रुपा गाउँपालिका पशु सेवा शाखा अन्तर्गत सन्चालन हुने कार्यक्रम छनौटको लागि अनुगमन विवरण ।**

१. फर्म/कृषकको नाम : मिति: .....................

२. ठेगाना : ३. फोन नं. :

४. हाल संचालित कृयाकलापहरु :

| क्र.स. | विवरण | | अंक | प्राप्त अंक |
|---|---|---|---|---|
| १ | **व्यवसाय दर्ता (अंक १०)** | क) भएको | १० | |
| | | ख) नभएको | ७ | |
| २ | **पुर्वधारको स्थिति (अंक २५)** | क) पर्याप्त र उपयुक्त जमिन/ बिजुली/यातायात/पानी | २५ | |
| | | ख) अपर्याप्त तर उपयुक्त जमिन/ बिजुली/यातायात/पानी | १५ | |
| ३ | **अनुदानको स्थिति (अंक २५)** | क) हालसम्म नपाएको | २५ | |
| | | ख) २ बर्ष सम्म नपाएको | २० | |
| | | ग) २ बर्ष भित्र पाएको | १० | |
| ४ | **तालिमको स्थिति (अंक १०)** | क) लिएको | १० | |
| | | ख) नलिएको | ७ | |
| ५. | **ब्यवसायको अवस्था (अंक ३०)** | | | |
| | गाई/भैसि/वंगुर पालन | क) ५ वटा भन्दा बढि माउ भएको | ३० | |
| | | ख) ५ वटा भन्दा कम माउ भएको | २५ | |
| | भेडा/बाख्रा पालन | क) १५ वटा भन्दा बढि माउ भएको | ३० | |
| | | ख) १५ वटा भन्दा कम माउ भएको | २५ | |
| | कुखुरापालन | क) १००० ब्रोईलर/लेर्यस ,३०० लोकल, १०० हासँ/कालिज भन्दा बढी सङख्या भएको | ३० | |
| | | ख) १००० ब्रोईलर/लेर्यस ,३०० लोकल, १०० हासँ/कालिज भन्दा कम सङख्या भएको | २५ | |
| | माछापालन | क) २ रोपनी भन्दा बढि क्षेत्रफल भएको | ३० | |
| | | ख) २ रोपनी भन्दा कम क्षेत्रफल भएको | २५ | |
| ६. | **दलित/बिपन्न/अपाङ्ग/एकल महिला/अल्पसंख्यक वा बिदेश बाट फर्केको भएमा थप गर्न सकिने** | | ५ | |

५. फार्म संञ्चालक वा कृषकको हस्ताक्षर तथा छाप :

६. अनुगमन टोलिको राय :

**अनुगमन गर्नेको नाम, थर, पद र हस्ताक्षर**

१.

२.

**अनुसूची -७**

**<u>सम्झौता पत्र</u>**

श्री रुपा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपाकोट कास्की (यस पछि पहिलो पक्ष भनिने) र कास्की जिल्ला रुपा गाउँपालिका वडा नं ..... मा संचालित ......................................................................................... को प्रोपाइटर श्री ............................................. (यस पछि दोश्रो पक्ष भनिने) बिच सहकार्यमा आ.व. ................... को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत .......................................................................... संचालन गर्न तपशिल बमोजिमको शर्तको अधिनमा रही यो सम्झौता पत्रमा हस्ताक्षर गरि लियौं दियौं।

ईति सम्वत् ..................... साल मंसिर महिना ........ गते रोज ............. शुभम् ।

**<u>तपशिल</u>**

१. यो सम्झौता, सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ।

२. पहिलो पक्षले दोश्रो पक्षलाई ................................................ कार्यको लागि रु .................. ( अक्षरुपी ...................................................................... मात्र ) दोस्रो पक्षले ........................................... कार्य सम्पन्न गरे पछिमात्र दोस्रो पक्षको वैंक खातामा उपलब्ध गराउने छ।

३. दोस्रो पक्षले यहि मिति .............................. गते सम्म कार्य सम्पन्न गरिसक्नु पर्नेछ।

४. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत संक्षिप्त कार्ययोजना वमोजिम सम्पुर्ण कार्यहरु प्राविधिक मापदण्ड/नर्मसको अधिनमा रही सम्पन्न गर्नेछ ।

३.कार्यक्रम संचालनको लागी आवस्यक निर्माण सम्वन्धी डिजाईन, ईष्टिमेट, सुपरभिजन, बिल भर्पाई र कार्य सम्पन्न प्रतिवेदन तथा निर्माण, खरिद, ढुवानी, संचालन र जग्गाको व्यवस्था आदि दोस्रो पक्षले गर्नेछ ।

४.दोस्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसारको बिल भर्पाई, कार्य सम्पन्न प्रतिवेदन आवश्यक कागजात सहित भुक्तानिको लागी प्रथम पक्ष समक्ष पेस गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मानसिब ठहरे प्रथम पक्षले एक मुष्ठ नियमानुसार भुक्तानी दिनेछ ।

५. प्रथम पक्षले कुनै पनि बखत संचालित कार्यको अनुगमन/निरिक्षण गरि सम्झौता मुताबिक कार्य भएनभएको हेर्न र आवश्यक सल्लाह सुझाव दिन सक्नेछ ।

६. कार्यक्रम संचालनको दौरान वा सम्पन्न भएपश्चाप संचालन, व्यबस्थापन , जोखिम र दिगोपनको लागि गरिने कार्यहरु तथा अप्रत्यासिस रुपामा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

७. यस सम्झौंतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानून बमोजिम लागु हुने छ।

८. कार्यक्रम संचालनको क्रममा कुनै विबाद आएमा दुबै पक्षको आपसि समझदारीमा समाधान गरिनेछ ।

| प्रथम पक्षको तर्फबाट | दोश्रो पक्षको तर्फबाट |
|---|---|
| नाम, थर : | नाम, थर : श्री |
| पद : | पद : |
| हस्ताक्षर:<br>छाप : | हस्ताक्षर:<br>छाप |
| रोहबर<br>२. | |

**अनुसूची - ८**

अनुगमनको ढाँचा

# रूपा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# रूपाकोट, कास्की

**अनुगमन प्रतिवेदन**

**रुपा गाउँपालिका पशु सेवा शाखा अन्तर्गत सन्चालन हुने कार्यक्रम कार्य सम्पन्न अनुगमन विवरण ।**

**कार्यक्रमको नाम:** मिति: ...................

सम्झौता रकम :

१. फर्म वा कृषकको नाम:

२. ठेगाना :

३. फोन नं. :

५. व्यावसायको स्थिति :

६. गरेको काम :

७. मापदण्ड अनुसार कार्य भएको वा नभएको :

८. अनुगमन टोलिको राय :

९. फार्म संञ्चालक वा कृषकको हस्ताक्षर र छाप:

**अनुगमन गर्ने पदाधिकारिहरु**

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |

## अनुसूची -९

## निवेदनको ढाँचा (नमुना)

मिति : ...........................

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू
रुपा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
रुपाकोट, कास्की ।

**विषय: रकम भुक्तानी सम्बन्धमा।**

महोदय,

प्रस्तुत विषयका सम्बन्धमा तहाँ कार्यालयको मिति ........................... गतेको सूचनानुसार ............................................................................ कार्यक्रमा छनौट भई रुपा गाउँपालिका वडा नं .... निवासी / *स्थित* ................................;.............................................. ले सम्झौता अनुसार कार्य सम्पन्न गरेको हुदा आवस्यक कागजात सहित यो निबेदन पेस गरेको छु नियमानुसार प्राप्त अनुदान रकम भुक्तानी गरिदिनुहुन बिनम्र अनुरोध गर्दछु ।

<u>निवेदक</u>

नामः .................................................................

संस्थाको नाम : ................................................

ठेगाना : ...........................................................

पद : ................................................................

संस्थाको छाप — सम्पर्क नं. ......................................................

हस्ताक्षर :